**आकाशवाणी समाचार- नेपाली**
मितिः १७ मार्च २०२६
समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- पश्चिम बंगाल सहित 5 राज्य र केन्द्र शासित प्रदेशमा हुने विधान सभा चुनाव र उप-चुनावका लागी चुनाव आयोगले 1 हजार 111 केन्द्रीय पर्यवेक्षकहरूलाई नियुक्त गरेकोछ।

- पश्चिम बंगाल विधानसभा चुनाव २०२६ लाई निष्पक्ष, स्वतन्त्र र हिंसामुक्त बनाउन, भारतको निर्वाचन आयोगले निर्वाचन अधिकारीहरूको अनुगमनका लागि बहु-स्तरीय र व्यापक प्रणाली लागू गरेको छ।

- पश्चिम बंगाल विधानसभा चुनावको लागि सबै दलहरूले आफ्नो प्रचार अभियान तीव्र पारेको छ। निर्वाचन आयोगले मिति घोषणा गरेसँगै उम्मेदवारहरूको सूची सार्वजनिक हुन थालेको छ।

- राज्य सभाका  सांसद श्री हर्ष वर्धन श्रृंगलाले २०२६ को विनियोजन विधेयकको चर्चामा बोल्नुहुदै विश्वव्यापी अनिश्चितताको समयमा केन्द्रीय सरकारको बलियो आर्थिक व्यवस्थापनको उल्लेख गर्नुभयो।

- दार्जीलिङका प्रमुख जिल्लाले हिज पश्चिम बंगाल बिधानसभा चुनाव २०२६ पूर्व पत्रकार सम्मेलन गरी चुनाव आचारसंहिता कार्यान्वयन, कार्य–नियम तथा राजनीतिक दलहरूसँग भएको परामर्शबारे जानकारी दिनुभयो।

**पश्चिम बंगाल पर्यवेक्षक**

पश्चिम बंगाल सहित 5 राज्य र केन्द्र शासित प्रदेशमा हुने विधान सभा चुनाव र उप-चुनावका लागी चुनाव आयोगले 1 हजार 111 केन्द्रीय पर्यवेक्षकहरूलाई नियुक्त गरेकोछ। निष्पक्ष, स्वतंत्र र भयमुक्त चुनाव सम्पन्न गराउन भारतको चुनाव आयोगले पश्चिम बंगालका 294 विधान सभाका लागि 294 पर्यवेक्षक  नियुक्त गरेकोछ। अर्थात प्रत्येक विधानसभा सीटमा एक जना पर्यवेक्षक को नियुक्ति गरिएकोछ।1 हजार 111 पर्यवेक्षकहरु मध्ये पाँच सय 57 जना सामान्य पर्यवेक्षक, एक सय 88 पुलिस पर्यवेक्षक र तिन सय 66 व्यय पर्यवेक्षक रहेका छन् । आम चुनावको तालिकाको घोषणा गर्दै मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले भन्नुभयो, चुनाव हिंसामुक्त र प्रलोभन-मुक्त तरिकाले सञ्चालन गरिनेछ ताकि प्रत्येक मतदाताले निर्भय भएर आफ्नो मतदान गर्न सकुन ।

**पश्चिम बंगाल विधानसभा चुनाव/ निर्वाचन आयोग**

पश्चिम बंगाल विधानसभा चुनाव २०२६ लाई निष्पक्ष, स्वतन्त्र र हिंसामुक्त बनाउन, भारतको निर्वाचन आयोगले निर्वाचन अधिकारीहरूको अनुगमनका लागि बहु-स्तरीय र व्यापक प्रणाली लागू गरेको छ। यस प्रणाली अन्तर्गत, बुथ-स्तरीय कर्मचारीदेखि जिल्ला-स्तरीय अधिकारीहरूसम्म सबैको कामको निरन्तर निगरानी गरिनेछ।

राज्य मुख्य निर्वाचन अधिकारीको कार्यालय स्रोतहरूका अनुसार, अप्रिल २३ र २९ मा मतदानको दुवै चरणमा निर्वाचन संयन्त्रको वास्तविक-समय अनुगमन गरिनेछ। प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारले पहिले नै शान्तिपूर्ण चुनावको आश्वासन दिनुभएको छ। सान्तिपूर्ण मतदानको लागि निर्वाचन आयोगले दुई-स्तरीय नियन्त्रण कक्ष प्रणाली स्थापना गरेको छ। जिल्ला स्तरमा, जिल्ला मजिस्ट्रेटको कार्यालयमा स्थापित नियन्त्रण कक्षहरूले मतदान केन्द्र र बुथहरूमा गतिविधिहरूको निगरानी गर्नेछन्। यसले निर्वाचन अधिकारीहरू र मतदान अधिकारीहरूले आयोगको दिशानिर्देशहरूको पूर्ण पालना गर्छन् भनी सुनिश्चित गर्नेछ।

राज्य स्तरमा, कोलकातामा मुख्य निर्वाचन अधिकारीको कार्यालयमा एक समन्वित नियन्त्रण कक्ष स्थापना गरिएको छ। यो नियन्त्रण कक्षले जिल्लाहरूको कामको निगरानी गर्नेछ र मतदाताहरू र राजनीतिक दलहरूबाट प्राप्त गुनासोहरूको स्थिति समीक्षा गर्नेछ।

**पश्चिम बंगाल विधानसभा चुनाव**

पश्चिम बंगाल विधानसभा चुनावको लागि सबै दलहरूले आफ्नो प्रचार अभियान तीव्र पारेको छ। निर्वाचन आयोगले मिति घोषणा गरेसँगै उम्मेदवारहरूको सूची सार्वजनिक हुन थालेको छ। भाजपाले पश्चिम बंगाल विधानसभा चुनावको लागि उम्मेदवारहरूको पहिलो सूची जारी गरेको छ। यस सूचीमा धेरै वरिष्ठ र प्रसिद्ध नेताहरू सहित धेरै प्रमुख नामहरू समावेश छन्, तर एउटा नाम चर्चाको विषय बनेको छ| यो नाम कलिता माझी को हो। कलिता माझी अरूको घरमा काम गर्ने गर्छिन्| भाजपाले उनलाई आफ्नो उम्मेदवारको रूपमा मनोनित गरेको छ। भाजपाले उनलाई दोस्रो पटक टिकट दिएको हो। उनलाई यसअघि पनि २०२१ को विधानसभा चुनावमा उनलाई भाजपाले प्रत्याशी बनाएको थियो ।भाजपाले उनलाई पूर्वी बर्दवानको औसग्राम विधानसभा क्षेत्रबाट उम्मेदवारको रूपमा मनोनित गरेको छ।

**तृणमूल कांग्रेस उम्मेदवार सूची**

तृणमूल कांग्रेस (टीएमसी) ले पश्चिम बंगाल विधानसभा चुनावको लागि उम्मेदवारहरूको सूची जारी गरेको छ। तृणमूल कांग्रेसले बंगाल विधानसभाको २९४ सिटमध्ये २९१ सिटमा उम्मेदवार बनाउनेछ भने अनित थापाको नेतृत्वमा रहेको बीजीपीएमले दार्जिलिङ पहाडका बाँकी तीन सिटमा उम्मेदवार बनाउनेछ। ममता बनर्जी यस पटक नन्दीग्रामबाट उम्मेदवार हुने छैनन्; उनी भवानीपुरबाट उम्मेदवार हुनेछिन्| भाजपाले शुभेन्दु अधिकारीलाई भवानीपुर र नन्दीग्रामबाट उम्मेदवार बनाएको छ। ममता बनर्जीले आफ्नो पार्टी टीएमसीले राज्यको २९४ सिटमध्ये २९१ सिटमा उम्मेदवार बनाउने बताउनुभयो भने, जबकि बीजीपीएमले दार्जिलिङ पहाडका तीन सिटमा उम्मेदवार खडा गर्ने बताउनुभयो।

**हर्ष वर्धन श्रृंगला**

राज्य सभाका सांसद श्री हर्ष वर्धन श्रृंगलाले २०२६ को विनियोजन विधेयकको चर्चामा बोल्नुहुदै विश्वव्यापी अनिश्चितताको समयमा केन्द्रीय सरकारको बलियो आर्थिक व्यवस्थापनको उल्लेख गर्नुभयो।उहाँले भारत विश्वको सबैभन्दा शीघ्र अघि बढ्ने ठूलो अर्थतन्त्र बनेको र जिडिपी वृद्धि ७.६ प्रतिशत रहेको बताउनु भयो। उहाँले बाहिरी दबाबका बावजुद महँगी नियन्त्रणमा छ र जनवरी २०२६ मा सीपीआई २.७५ प्रतिशत रहेको बताउनुभयो। उहाँले भारतको बाह्य स्थिति बलियो रहेको, विदेशी मुद्रा सञ्चिति रेकर्ड ७२५.७ बिलियन डलर पुगेको र सेवा निर्यात ३४८.४ बिलियन डलर पुगेको बताउनुभयो।श्री श्रृंगला ले यो वृद्धि राजस्व अनुशासन कायम राख्दै हासिल भएको भनि बताउनुभयो|२ लाख ८१ हजार २८९.२६ करोड रुपियाँको अतिरिक्त मागलाई लक्षित र जिम्मेवार राजस्व प्रतिक्रिया भनि वर्णन गर्नुहुदै उहाँले वास्तविक नगद खर्च लगभग २.०१ लाख करोड मात्र भएको उल्लेख गर्नुभयो। मुख्य प्रावधानको उल्लेख गर्नुहुदै उहाँले खाद अनुदानमा १९ हजार २३० करोड र खाद्य तथा सार्वजनिक वितरणमा २३ हजार ६४१.२८ करोड विनियोजन भएको , जसले किसान र कमजोर परिवारलाई आयातित महँगीबाट बचाउँछ भनि बताउनुभयो।

**डा. प्रणव कुमार एडीपीसीको नयाँ पुलिस आयुक्त नियुक्त**

आसनसोल दुर्गापुर पुलिस आयुक्त (एडीपीसी) का नयाँ पुलिस आयुक्त डाक्टर प्रणव कुमारलाई नियुक्त गरिएको छ। डा. प्रणव कुमार 2003 ब्याचका आईपीएस अधिकारी हुन्| पश्चिम बंगालमा विधानसभा चुनाउको मिति घोषणा हुनसाथ चुनाउ आयोगले पुलिस प्रशासनमा फेरबदल गरिरहेको छ। यसै क्रममा हिज फेरि एक पटक केही आईपीएस अधिकारीहरूको स्थानान्तरणको अधिसूचना जारी गरियो। आसनसोल दुर्गापुर पुलिस कमिश्नरेटका पुलिस आयुक्त सुनिल कुमार चौधरीलाई पनि स्थानान्तरण गरिएकोछ।

**दार्जीलिङ DM**

दार्जीलिङका प्रमुख जिल्ला अधिकारी सुनील अग्रवालले हिज पश्चिम बंगाल बिधानसभा चुनाव २०२६ पूर्व पत्रकार सम्मेलन गरी चुनाव आचारसंहिता कार्यान्वयन, सञ्चारमाध्यमले पालन गर्नुपर्ने कार्य–नियम तथा राजनीतिक दलहरूसँग भएको परामर्शबारे जानकारी दिनुभयो।उहाँले बताउनु भए अनुसार चुनाव संवेदनशील भएकाले जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित सबै निकायले चौबीसै घण्टा निरन्तर अनुगमन गर्दै चुनाव शान्तिपूर्ण, निष्पक्ष र व्यवस्थित रूपमा सम्पन्न गराउन आवश्यक सम्पूर्ण तयारी मिलाइएको छ।

****** ○ ******